बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# जनस्वास्थ्य कार्यालय, मकवानपुर

# मासिक बुलेटिन

आर्थिक वर्ष: २०८२/८३

प्रकाशित मितिः २०८३/०३/१५

महिनाः जेठ

## जनस्वास्थ्य कार्यालय, मकवानपुरबाट जेठ महिनामा सञ्चालित कार्यक्रमहरू

जेठ महिनामा जनस्वास्थ्य कार्यालय तथा स्थानीय तहहरूको सहकार्यमा विभिन्न जनस्वास्थ्य प्रवर्द्धन, रोग नियन्त्रण तथा स्वास्थ्य सेवा सुदृढीकरण सम्बन्धी कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन गरिएका छन्।

## अन्तरक्रिया तथा अभिकुखीकरण कार्यक्रमहरू

### विद्यालयमा बालबालिकाहरूको श्रवण, दृष्टि, दन्त परीक्षण र रक्त समूह पहिचान तथा उपचार र बाथ रोग / मुटु रोग (*RHD)* स्क्रिनिङ्ग कार्यक्रम

विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत बालबालिकाहरूको श्रवण, दृष्टि, दन्त परीक्षण, रक्त समूह पहिचान तथा आवश्यक उपचार एवं बाथ रोग/मुटुरोग (***RHD)*** स्क्रिनिङ कार्यक्रम जेठ २७ गते इन्द्रसरोवर गाउँपालिका, कुलेखानी-२ पञ्चकन्या माध्यमिक विद्यालयमा र जेठ २८ गते भीमफेदी गाउँपालिका, कोगते स्थित श्री माध्यमिक विद्यालयमा सञ्चालन गरिएको छ। कार्यक्रममार्फत विद्यालयस्तरमा अध्ययनरत बालबालिकाहरूको स्वास्थ्य अवस्थाको प्रारम्भिक परीक्षण गरी आवश्यक परामर्श, उपचार तथा थप व्यवस्थापनका लागि सिफारिस गरिएको छ। यस कार्यक्रमले विद्यालय उमेर समूहका बालबालिकाहरूमा स्वास्थ्य समस्या समयमै पहिचान तथा व्यवस्थापन गर्न सहयोग पुगेको छ।








### डेंगु तथा जे.ई. रोग रोकथाम तथा नियन्त्रणका लागि बहु-क्षेत्रिय सरोकारवालाहरूसग समन्वय पैरवी तथा सचेतना कार्यक्रम

डेंगु तथा जापानीज इन्सेफ्लाइटिस (***JE)*** रोगको रोकथाम तथा नियन्त्रणका लागि बहु-क्षेत्रीय सरोकारवालाहरूसँग समन्वय, पैरवी तथा सचेतनामूलक कार्यक्रम हेटौडा उपमहानगरपालिका तथा मनहरी गाउँपालिका-६, लोथर बजारमा सञ्चालन गरिएको छ। कार्यक्रममा स्थानीय जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सरोकारवाला निकाय तथा समुदायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। कार्यक्रममार्फत

लामखुट्टेको बासस्थान नष्ट गर्ने, वातावरणीय सरसफाइ प्रवर्द्धन गर्ने तथा समुदायस्तरमा रोगबारे जनचेतना अभिवृद्धि गर्ने विषयमा छलफल तथा सचेतनामूलक गतिविधिहरू सञ्चालन गरिएको छ।





**कुष्ठरोग बिरामी सक्रिय खोजपड्ताल तथा *LPEP (Leprosy Post Exposure Prophylaxis)* सम्बन्धी अभिमुखिकरण कार्यक्रम**

जिल्लाभित्र कुष्ठरोगको समयमै पहिचान तथा नियन्त्रण गर्ने उद्देश्यले कुष्ठरोग बिरामी सक्रिय खोजपड्ताल तथा *LPEP (Leprosy Post Exposure Prophylaxis)* सम्बन्धी अभिमुखीकरण कार्यक्रम मिति २०८३ जेठ ३१ गते सञ्चालन गरिएको छ। कार्यक्रममा स्वास्थ्यकर्मी तथा सरोकारवालाहरूलाई कुष्ठरोगका लक्षण, बिरामी पहिचान, सम्पर्कमा आएका व्यक्तिहरूलाई *LPEP* प्रदान गर्ने प्रक्रिया तथा रोग नियन्त्रणका रणनीतिहरूबारे अभिमुखीकरण गरिएको छ। यस कार्यक्रमले कुष्ठरोगको प्रारम्भिक पहिचान तथा संक्रमण रोकथाममा सहयोग पुग्ने अपेक्षा गरिएको छ।





**एक जिल्ला एक स्वास्थ्य शहर कार्यक्रमको अन्तर्गत तथ्यांक संकलन कार्यमा सहभागी स्वास्थ्यकर्मीका लागी *KOBO Toolbox* को अभिमुखीकरण कार्यक्रम**

एक जिल्ला एक स्वास्थ्य शहर कार्यक्रम अन्तर्गत तथ्याङ्क संकलन कार्यमा संलग्न स्वास्थ्यकर्मीहरूका लागि मिति २०८३ जेठ २० र २२ गते तीन चरण (*Three Batches)* मा *KOBO Toolbox* सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ। कार्यक्रममा सहभागी स्वास्थ्यकर्मीहरूलाई *KOBO Toolbox* प्रयोग गरी डिजिटल माध्यमबाट तथ्याङ्क संकलन, व्यवस्थापन तथा प्रतिवेदन तयार गर्ने सम्बन्धमा व्यवहारिक अभिमुखीकरण प्रदान गरिएको छ। कार्यक्रमबाट स्वास्थ्यसम्बन्धी तथ्याङ्क संकलन तथा व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी, गुणस्तरीय तथा प्रविधिमैत्री बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।







## विभिन्न स्थानीय तहको पूर्णखोप घोषणाका लागि पालिका खोप सुनिचिश्चता verification/प्रमाणीकरण

विभिन्न स्थानीय तहहरूको पूर्ण खोप घोषणाका लागि आवश्यक मापदण्ड पूरा भए/नभएको सुनिश्चित गर्न जनस्वास्थ्य कार्यालय मकवानपुरको प्राविधिक टोलीद्वारा पालिका खोप सुनिश्चितता प्रमाणीकरण (*Verification*) कार्य सञ्चालन गरिएको थियो। प्रमाणीकरणका क्रममा खोपसम्बन्धी अभिलेख, तथ्याङ्क तथा सेवा प्रवाहको स्थलगत समीक्षा गरी आवश्यक प्राविधिक सहजीकरण, मार्गदर्शन तथा अनुगमन गरिएको थियो। यस प्रक्रियाले पूर्ण खोप सुनिश्चितता तथा यसको दिगोपनालाई सुदृढ बनाउन सहयोग पुगेको छ।



## राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको आधारभूत तालिम

मिति २०८३/०१/२८ देखि २०८३/०२/०६ गतेसम्म हातीसुँडे आधारभूत स्वास्थ्य सेवा केन्द्र सभाहलमा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको आधारभूत तालिम सञ्चालन गरिएको थियो। तालिममा महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई मातृ तथा शिशु स्वास्थ्य, पोषण, खोप तथा समुदायस्तरीय स्वास्थ्य सेवासम्बन्धी ज्ञान तथा सीप प्रदान गरिएको थियो।





## छात्राहरूका लागि विद्यालयमा आधारित महिनावारी सरसफाई गोष्ठी तथा माहिनावारी स्वच्छता दिवसको अवसरमा हाजिरिजवाफ प्रतियोगिता कार्यक्रम

महिनावारी स्वच्छता दिवसको अवसरमा जनस्वास्थ्य कार्यालय मकवानपुरद्वारा २०८३ साल जेठ १४ गते बकैया गाउँपालिकाको श्री प्रभात माध्यमिक विद्यालय, कैलाश गाउँपालिकाको श्री कालिका माध्यमिक विद्यालय तथा राक्सिराङ गाउँपालिकाको श्री प्रजा जागृति माध्यमिक विद्यालयहरूमा विद्यालयमा आधारित महिनावारी सरसफाइ गोष्ठी तथा हाजिरिजवाफ प्रतियोगिता सञ्चालन गरिएको थियो। किशोरीहरूमा सुरक्षित महिनावारी व्यवस्थापन, व्यक्तिगत सरसफाइ तथा महिनावारीसम्बन्धी भ्रम र विभेद न्यूनीकरण गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा महिनावारी स्वास्थ्यसम्बन्धी अन्तरक्रिया, स्वास्थ्य शिक्षा तथा हाजिरिजवाफ प्रतियोगितामार्फत विद्यार्थीहरूको ज्ञान तथा सकारात्मक व्यवहार अभिवृद्धि गर्ने प्रयास गरिएको थियो।











## सुर्तीजन्य पदार्थ तथा मदिरा नियमन तथा नियन्त्रण लागि समन्वय बैठक तथा अभिमुखीकरण कार्यक्रम, मनहरी गाउँपालिका

सुर्तीजन्य पदार्थ तथा मदिराको प्रयोग न्यूनीकरण तथा प्रभावकारी नियमनका लागि जनस्वास्थ्य कार्यालय मकवानपुरद्वारा २०८३ साल जेठ महिनामा मनहरी गाउँपालिकामा समन्वय बैठक तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा स्थानीय तह, स्वास्थ्य संस्था तथा अन्य सरोकारवाला निकायहरूको सहभागितामा सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी कानुनी व्यवस्था, कार्यान्वयनका चुनौती, स्थानीय तहको भूमिका तथा बहुक्षेत्रीय समन्वयका विषयमा प्रस्तुतीकरण र छलफल गरिएको थियो।




## कालाजार विरूद्धको विषाडी छिड्काउ कार्यक्रम

कालाजार रोगको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउने उद्देश्यले जनस्वास्थ्य कार्यालय मकवानपुरले २०८३ साल जेठ महिनामा जिल्लाका कालाजार जोखिमयुक्त क्षेत्रमा विषादी छिड्काउ कार्यक्रम सञ्चालन गरेको थियो। कार्यक्रमअन्तर्गत लक्षित घर तथा बस्तीहरूमा अवशिष्ट विषादी छिड्काउ गर्नुका साथै स्थानीय समुदायलाई कालाजारको लक्षण, रोग सर्ने माध्यम, रोकथामका उपाय तथा समयमै उपचारको महत्वबारे स्वास्थ्य शिक्षा प्रदान गरिएको थियो।




## नवशिशु तथा बाल रोगको एकिकृत व्यवस्थापन कार्यक्रम स्वास्थ्यकर्मी स्तरीय तालिम

२०८३ साल जेठ महिनामा हेटौंडास्थित ग्रामीण महिला विकास केन्द्रमा जनस्वास्थ्य कार्यालय मकवानपुरद्वारा नवशिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन (*IMNCI*) सम्बन्धी स्वास्थ्यकर्मी स्तरीय ५-दिने तालिम सञ्चालन गरिएको थियो। नवशिशु तथा पाँच वर्षमुनिका बालबालिकामा देखिने प्रमुख रोगहरूको समयमै पहिचान, उचित उपचार, परामर्श तथा रेफरल व्यवस्थापनमा स्वास्थ्यकर्मीहरूको क्षमता

अभिवृद्धि गर्ने उद्देश्यले तालिम आयोजना गरिएको थियो। तालिममा *IMNCI* निर्देशिकाअनुसार बिरामीको मूल्याङ्कन, वर्गीकरण, उपचार तथा अभिभावक परामर्शका विषयमा सैद्धान्तिक र व्यवहारिक अभ्यास गराइएको थियो।




## गुणस्तरीय खानेपानी सुनिश्चतता सम्बन्धी बैठक तथा अभिमुखीकरण कार्यक्रम

सुरक्षित तथा गुणस्तरीय खानेपानीको पहुँच सुनिश्चित गरी पानीजन्य रोगहरूको रोकथाम गर्ने उद्देश्यले जनस्वास्थ्य कार्यालय मकवानपुरद्वारा २०८३ साल जेठ १३ गते बकैया गाउँपालिका-५ मा गुणस्तरीय खानेपानी सुनिश्चितता सम्बन्धी बैठक तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा स्थानीय तह, खानेपानी उपभोक्ता समिति तथा सम्बन्धित सरोकारवालाहरूसँग खानेपानीको गुणस्तर परीक्षण, पानी सुरक्षा योजना, नियमित अनुगमन तथा सुरक्षित खानेपानी व्यवस्थापनका विषयमा प्रस्तुतीकरण र छलफल गरिएको थियो।


